प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

कुश्मा, पर्वत        गण्डकी प्रदेश, नेपाल

## व्यावसायिक तथा सीप विकास तालीम सञ्चालन सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२६)

यस केन्द्रबाट चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षीक कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यावसायिक तथा सीप विकास एवम् स्वःरोजगारमूलक तालीमहरु निःशुल्क रुपमा सञ्चालन गरिने भएको हुँदा देहायको योग्यता पुगेका इच्छुक नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७७/११/१०) भित्र रीतपूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | तालीमको नाम | संख्या | उमेर | आवश्यक योग्यता | तालीम संचालन हुने स्थान | फर्म पाइने स्थान |
|---|---|---|---|---|---|---|
| १ | आधारभुत सिलाइ कटाइ (३ महिने) | प्रत्येक तालीममा २० जनाका दरले | १६ वर्ष पुरा भइ ४० वर्ष ननाघेको | मण्टेश्वरी तालीममा एस.एस.सी. वा सो सरह र अन्य तालीमको हकमा कक्षा ८ उत्तीर्ण र सेनेटरी प्याड / सपिङ व्याग बनाउने तालीमको लागि आधारभूत सिलाइ कटाइ तालीम लिइसकेको हुनुपर्नेछ । | कुश्मा, पर्वत | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र पर्वत । |
| २ | प्लम्बिङ तालीम (३ महिने) | | | | | |
| ३ | आधारभूत केश श्रृङ्गार / व्यूटिसियन (३ महिने) | | | | | |
| ४ | इलेक्ट्रोनिक्स / मोवाइल मर्मत (३ महिने) | | | | | |
| ५ | मोटरसाइकल मर्मत (३ महिने) | | | | | |
| ६ | विद्यूत जडान तालीम (४५ दिने) | | | | बेनी बजार, म्याग्दी | बेनी नगरपालिकाको कार्यलय, बेनी, म्याग्दी र व्यावसायिक तथा सीप विकास तालीम केन्द्र पर्वत । |
| ७ | प्लम्विङ तालीम (४५ दिने) | | | | | |
| ८ | कपाल काट्ने तालीम (३ महिने) | | | | | |
| ९ | विद्यूत जडान तालीम (३ महिने) | | | | बागलुङ बजार, बागलुङ | धौलागिरी मोर्डन एण्ड मिदोरी टिउसन सेण्टर, धौलागिरी चोक बागलुङ र व्यावसायिक तथा सीप विकास तालीम केन्द्र पर्वत । |
| १० | कफि बनाउने तालीम (१५ दिने) | | | | | |
| ११ | सेनेटरी प्याड / सपिङ व्याग बनाउने तालीम (१५ दिने) | | | | | |
| १२ | मण्टेश्वरी तालीम (४५ दिने) | | | | | |

**आवेदन फाराम साथ संलग्न राख्नुपर्ने कागजपत्र**

- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति, शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति सहित पासपोर्ट साइजका फोटा २ वटा ।

**नोटः**

- आर्थिक सामाजिक रुपले विपन्न, एकल महिला, दलित, महिला, द्वन्द पिडित, वैदेशिक रोजगारीबाट फर्किएका र कोभिड प्रभावितलाई प्राथमिकता दिइनेछ ।
- तोकिएभन्दा बढि संख्यामा आवेदन परेमा अन्तर्वार्ताबाट प्रशिक्षार्थीको छनौट गरिनेछ । तालीम लिएपश्चात सोही तालीमसँग सम्बन्धित पेशा, व्यवसाय वा उद्धम संचालन गर्नुपर्नेछ ।
- प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिनमा मात्र नियमानुसारको खाजा भत्ता उपलब्ध गराइनेछ ।
- प्रस्तावित कार्यक्रम संशोधन भएमा वा एक तालीममा २० जना भन्दा कम संख्यामा आवेदन परेमा तालीम संचालन नगर्न बाधा पर्ने छैन ।
- अन्तर्वार्ता हुने मिति र स्थानको लागि पछि सूचना प्रकाशित गरिनेछ ।

२०७७/१०/२६

डम्बर बहादुर जि.सी.
केन्द्र प्रमुख

फोन / फ्याक्सः ०६७ – ४२११९५        इमेलः vsdtcp@gmail.com
ठेगानाः कुश्मा न.पा. ५, वडागाँउ, पर्वत
गण्डकी प्रदेश, नेपाल